स्थानीय सरकार
मालिकार्जुन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.स. २०७९/०८०
च.नं.

शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**बहुउद्देश्यीय नर्सरी स्थापनाका लागि २ रोपनी जग्गा निशुल्क दान सम्वन्धी**
**सूचना**
(सूचना प्रकाशित मिति २०७९।८।१२ गते सोमवार)

यस मालिकार्जुन गाउँपालिका अन्तरगत रहेको वन वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७९।८।१२ गते बसेको बैठकको निर्णयनुसार मालिकार्जुन गाउँपालिका वडा नं १र८मा बहुउद्देश्यीय नर्सरी स्थापना गर्नको लागि वडा नं १ मा २रोपनी र वडा नं ८ मा २ रोपनी जग्गा आवश्यक भएकोले देहायका शर्तहरुको अधिनमा रहीं यो सूचना प्रकासन भएको मितीले ७ सात दिनभित्र तपशिल बमोजिमका आवस्यक कागजातहरु संलग्न राखी नियमानुसार यस कार्यालयमा निबेदन पेश गर्न हुन अनुरोध छ।

१. जग्गा, मालिकार्जुन गाउँपालिका वडा नं १र ८ मा भएको हुनु पर्ने छ।

२.जग्गा धनि स्वयंले प्रमाणित गरेको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि थान १ र गत आब २०७८/२०७९ सम्मको मालपोत कर तिरेको प्रमाणित प्रतिलिपि थान १ सहित रीतपूर्वक यस कार्यालयमा निबेदन पेश गर्नु पर्ने छ।

३.संयुक्त रुपमा दान गर्दा सबै जग्गाधनिहरुको संयुक्त निबेदन साथ माथि उल्लेखित सम्पुर्ण कागजातहरु संलग्न गरि पेश गर्नुपर्नेछ।

४.पानीको प्रयाप्तता र नर्सरी स्थापना गर्न सहज भएको जग्गा हुनु पर्ने छ।

५.सहज सडक पहुच भएको जग्गा लाइ प्राथमिकता दिइने छ।

६.यो सुचनामा उल्लेखित भए बाहेकका बिषय हरुमा प्रचलित ऐन कानुन र यस मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ।

**पुनश्चः थप जानकारीको लागि यस मालिकार्जुन गाउँपालिकाको उद्योग बिकास शाखामा सम्पर्क गर्न सिकनेछ।**

(गुण राज ओझा)
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

Website: www.malikarjunmun.gov.np
E-mail: mrmdarchula@gmail.com
Contact: 9858784512, 9848829529
info@malikarjunmun.gov.np

Scanned with CamScanner